# नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड
## बीसौं र एक्काइसौं वार्षिक साधारण सभाको विवरण/निर्णय (माइन्युट)

**१) वैधानिक सभा :**

नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.को मिति २०७६ श्रावण १७ गते बसेको सञ्चालक समितिको ७६०औं बैठकले कम्पनी ऐन, २०६३ तथा प्रबन्धपत्र र नियमावली बमोजिम २०७६ साल भाद्र २३ गते बस्ने गरी बोलाइएको बैंकको बीसौं र एक्काइसौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री उपेन्द्र केशरी न्यौपानेको अध्यक्षतामा बसी देहाय बमोजिम छलफल एवं निर्णय गरी सम्पन्न भयो ।

**२) सभाको स्थान, मिति र समय :**

स्थान : राष्ट्रिय सभागृह, प्रदर्शनीमार्ग, काठमाडौ ।
मिति : २०७६ भाद्र २३ गते, सोमवार ( सेप्टेम्वर ९, २०१९)
समय : बिहान ११:०० बजे देखि

**३) सभाको सूचना :**

बैंकको सञ्चालक समितिको २०७६ श्रावण १७ गतेको ७६०औं सञ्चालक समितिको बैठकको निर्णय बमोजिम कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को व्यवस्था अनुसार मिति २०७६ श्रावण १८ गते प्रथम पटक नागरिक राष्ट्रिय दैनिकमा र दोश्रो पटक मिति २०७६ भाद्र १८ गतेको कारोबार दैनिक पत्रिकामा सूचना प्रकाशित गरी २०७६ भाद्र २३ गते बीसौं र एक्काइसौं वार्षिक साधारण सभा बोलाइएको र बैंकको वार्षिक साधारण सभाको सूचना तथा बैंकको आर्थिक वर्ष २०७३/०७४ र २०७४/०७५ को सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदनहरु, वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण एवं प्रबन्धपत्र तथा नियमावलीमा प्रस्तावित संशोधनका लागि तीन महले संशोधन प्रस्ताव शेयरधनीहरुको उपलब्ध व्यक्तिगत ठेगानामा पठाईएको र उक्त विवरणहरु शेयरधनीहरुको जानकारीको लागि बैंकको वेभ-साइट www.nccbank.com.np मा राखिएको बारे कम्पनी सचिवले सभालाई जानकारी गराउनु भयो ।

**४) सभाको विषय सूची :**

**(क) साधारण प्रस्तावहरु :**

(१) सञ्चालक समितिको बीसौं र एक्काइसौ वार्षिक प्रतिवेदन सम्बन्धमा ।

(२) आर्थिक वर्ष २०७३/०७४ र २०७४/०७५ को लेखापरीक्षकको प्रतिवेदन सहित वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायत संलग्न अनुसूचीहरु समेतको वित्तीय विवरण पारित गर्ने सम्बन्धमा।

(३) आर्थिक वर्ष २०७४/०७५ को मुनाफाबाट बैंकको हाल कायम चुक्ता पूँजी रू. ७,०१,८५,८७,३००।- को १५.८९ प्रतिशतले हुन आउने रू. १,११,५२,५३,५२२।- को बोनस शेयर जारी गर्ने विशेष प्रस्ताव यसै साधारण सभामा पेश गरिएकोले उक्त बोनस शेयर जारी गर्दा लाग्ने कर प्रयोजनका लागि चुक्ता पूँजीको ०.८३ प्रतिशतले हुन आउने रू. ५,८६,९७,५५४।-नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

(४) बैंकको सञ्चालक समितिमा संस्थापक समुहबाट ३ जना र सर्वसाधारण समुहबाट १ जना महिला सहित ३ जना गरी जम्मा ६ जना सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरु :**

(१) आर्थिक वर्ष २०७४/०७५ को मुनाफाबाट चुक्ता पूँजीको १५.८९ प्रतिशतले हुन आउने रू.१,११,५२,५३,५२२।- को बोनस शेयर जारी गर्ने विशेष प्रस्ताव पारित गर्ने । साथै बोनस शेयर जारी पश्चात कायम हुने भिन्न अंक (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्ने सम्बन्धमा ।

(२) बैंकको प्रबन्धपत्र तथा नियमावलीमा देहाय बमोजिम थप तथा संशोधन गर्ने सम्बन्धमा ।

२.१ प्रबन्धपत्रको दफा ४ मा रहेको बैंकको मुख्य उद्देश्य प्राप्त गर्न गरिने कार्यहरुमा देहाय बमोजिम थप गर्ने ।

(कघ) सार्वजनिक निष्काशन (Further Public Offering-FPO) गर्ने ।

(कङ) धितोपत्र निक्षेप सम्बन्धी कार्य गर्ने ।

(कच) सहायक कम्पनी स्थापना गरी धितोपत्र व्यवसायीको कार्य गर्ने ।

२.२ प्रबन्धपत्रको दफा ५ मा रहेको पूँजीगत संरचनामा देहाय बमोजिम संशोधन गर्ने ।

(ख) बैंकको तत्काल जारी गर्ने शेयरपूँजी वृद्धि गरी रू. ८,१३,३८,४०,८२२।- (अक्षरेपी आठ अर्ब तेह्र करोड अड्तीस लाख चालिस हजार आठ सय बाइस) पुग्ने भएकोले सोही बमोजिम संशोधन गर्ने ।

(ग) बैंकको चुक्ता पूँजी वृद्धि गरी रू. ८,१३,३८,४०,८२२।- (अक्षरेपी आठ अर्ब तेह्र करोड अड्तीस लाख चालिस हजार आठ सय बाइस) पुग्ने भएकोले सोही बमोजिम संशोधन गर्ने ।

२.३ प्रबन्धपत्रको दफा ७ मा रहेको शेयर खरिद वा हस्तान्तरण गर्ने बन्देज अन्तर्गत बुँदा (ञ) मा थप सार्वजनिक निष्काशन (FPO) माध्यमबाट बिक्री गर्दा प्राप्त प्रिमियमलाई शेयर प्रिमियम शीर्षक अन्तर्गत जगेडाको रुपमा लेखाङ्कन गर्ने व्यवस्था थप गर्ने ।

२.४ नियमावलीको नियम १० (८) मा रहेको निर्णायक मत सम्बन्धी व्यवस्थामा संशोधन गर्ने ।

(३) बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधन सम्बन्धी विशेष प्रस्तावहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका सम्बन्धित नियामक निकायबाट स्वीकृति लिने क्रममा सम्बन्धित निकायको निर्देशन अनुसार फेरबदल, परिमार्जन, थपघट तथा संशोधन गर्नुपरेमा सो कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(४) नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि. र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने र गाभिने (मर्ज गर्ने) वा प्राप्ति (एक्वीजिशन) गर्ने तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit - DDA) गर्न राष्ट्रिय वा अन्तर्राष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्ने तथा गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) तथा अन्तिम सम्झौता (Final Agreement) गर्ने र सो प्रक्रिया पूरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध :**

(१) आर्थिक वर्ष २०७५/०७६ का लागि कम्पनी ऐन, २०६३ को दफा ११३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयबाट लेखापरीक्षकको नियुक्ति तथा निर्देशनको जानकारी सम्बन्धमा ।

## ५) उपस्थिति

**(५.१) सञ्चालक समितिका सदस्यहरु (कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप) :**

| | |
|---|---|
| क) श्री उपेन्द्र केशरी न्यौपाने | अध्यक्ष |
| ख) श्री इमान सिंह लामा | सञ्चालक |
| घ) श्री चन्द्र प्रसाद वास्तोला | सञ्चालक |
| ङ) श्री माधव प्रसाद भट्ट | सञ्चालक |
| च) श्री कृष्ण श्रेष्ठ | सञ्चालक |
| छ) डा. कैलाश पतीन्द्र अमात्य | सञ्चालक |

**(५.२) प्रमुख कार्यकारी अधिकृत**

क) श्री रमेशराज अर्याल

**(५.३) कम्पनी सचिव**

(क) श्री कपिल ज्ञवाली

**(५.४) आमन्त्रित पदाधिकारीहरु**

| | |
|---|---|
| क) श्री मोहन बहादुर बस्नेत | सदस्य एनसीसी बैंक मर्जर समिति |
| ख) श्री निर्मल प्रधान | सदस्य एनसीसी बैंक मर्जर समिति |
| ग) श्री राम प्रसाद श्रेष्ठ | सदस्य एनसीसी बैंक मर्जर समिति |
| घ) श्री भेषराज लोहनी | सदस्य एनसीसी बैंक मर्जर समिति |
| ङ) श्री लक्ष्मी बहादुर श्रेष्ठ | पूर्व सञ्चालक समिति अध्यक्ष |
| च) श्री नरेन्द्र प्रसाद भट्टराई | पूर्व प्रबन्ध निर्देशक |

**(५.५) बैंक पदाधिकारीहरु**

| | |
|---|---|
| क) श्री बन्दना पाठक | नायव प्रमुख कार्यकारी अधिकृत |
| ख) श्री रेवन्त कुमार दाहाल | नायव प्रमुख कार्यकारी अधिकृत |
| ग) श्री सन्दिप प्रसाद पाण्डे | नायव प्रमुख कार्यकारी अधिकृत |
| घ) श्री विनोद कुमार शर्मा | नायव महाप्रबन्धक |
| ङ) श्री मुकुन्द सुवेदी | नायव महाप्रबन्धक |
| च) श्री विश्वनाथ भट्टराई | कार्यकारी अधिकृत, शेयर विभाग |
| छ) श्री विजेन्द्र न्हुच्छे प्रधान | प्रतिनिधि शेयर रजिष्ट्रार |

**(६) गणपुरक संख्या:**

| | | | |
|---|---|---|---|
| १) जम्मा बिक्री भएको शेयर | ७,०१,८५,८७३ कित्ता | | |
| (क) उपस्थित संस्थापक शेयरधनीहरुको संख्या | **स्वयं** | **प्रतिनिधि (प्रोक्सी) मार्फत** | **जम्मा** |
| | १०८ | २०८ | ३१६ |
| (ख) उपस्थित सर्वसाधारण शेयरधनीहरुको संख्या | १,९५२ | १,३६० | ३,३१२ |
| **जम्मा (क+ख)** | **२,०६०** | **१,५६८** | **३,६२८** |
| (ग) उपस्थित शेयर संस्थापक संख्या | ९१,१६,७३९ | १,९२,०५,६४१ | २,८३,२२,३८० |
| (घ) उपस्थित शेयर सर्वसाधारण संख्या | १७,७५,६१२ | १,२३,१७,४४६ | १,४०,९३,०५८ |
| **जम्मा उपस्थिति (ग + घ)** | **१,०८,९२,३५१** | **३,१५,२३,०८७** | **४,२४,१५,४३८** |
| वार्षिक साधारण सभामा उपस्थित शेयरधनीहरुको शेयर प्रतिशत | | | ६०.४३३ |

७) **सभाको वैधानिकता :**

(क) बैंकका कम्पनी सचिवले बैंकको बीसौं र एक्काइसौं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई बैंकको तर्फबाट हार्दिक स्वागत गर्नु हुँदै, कम्पनी ऐन, २०६३ को दफा ६७ का उपदफा २ एवं बैंकको नियमावली बमोजिम मिति २०७६ श्रावण १८ गते प्रथम पटक नागरिक राष्ट्रिय दैनिक र मिति २०७६ भाद्र १८ गते दोश्रो पटक कारोबार राष्ट्रिय दैनिक पत्रिकाहरुमा सूचना प्रकाशित गरी वार्षिक साधारण सभा बस्ने व्यहोराको जानकारी दिईएको बारे सभालाई जानकारी गराउनु भयो ।

(ख) कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा २ अनुरुप सभाको लागि गणपुरक संख्याका सम्बन्धमा बैंकको कुल बिक्री भएको शेयर संख्या ७,०१,८५,८७३ मा शेयरधनी पुस्तिकामा स्वयं २,०६० जना र प्रतिनिधि (प्रोक्सी) मार्फत १,५६८ जना शेयरधनीहरुबाट जम्मा ४,२४,१५,४३८ कित्ता शेयरको प्रतिनिधित्व रहेको र उक्त उपस्थितिको प्रतिशत ६०.४४३ रहेको भनी बैंकको शेयर रजिष्ट्रार श्री सनराइज क्यापिटल लिमिटेड बाट उपलब्ध गराए बमोजिम कम्पनी सचिवबाट सभा समक्ष जानकारी गराउनु भयो । उक्त जानकारी पश्चात् सभाका अध्यक्षबाट कम्पनी ऐन, २०६३ दफा ६७ उपदफा २ बमोजिम सूचना र कम्पनी ऐन, २०६३ को दफा ७३ उपदफा २ बमोजिम गणपुरक संख्या पुगेकोले प्रचलित ऐन कानून बमोजिम सभा वैधानिक भएको घोषणा गरी सभाको काम कारबाही अगाडि बढाउन निर्देशन दिनु भयो ।

८) **सभाको सभापति, आसन ग्रहण र प्रतिवेदन प्रस्तुत :**

साधारण सभा गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७४ (१) र बैंकको नियमावलीको नियम ६ (१) बमोजिम सञ्चालक समितिको अध्यक्षले नै साधारण सभाको सभापतित्व गर्ने व्यवस्था भए अनुसार बैंकको सञ्चालक समितिका अध्यक्ष श्री उपेन्द्र केशरी न्यौपानेको अध्यक्षतामा बसी वार्षिक साधारण शुरु भई सभाको विषय सूची अनुसार सभाको काम कारवाही प्रारम्भ भयो ।

९) **छलफल तथा निर्णयहरु :**

(९.१) अध्यक्ष श्री उपेन्द्र केशरी न्यौपानेले सञ्चालक समितिको बीसौं र एक्काइसौं वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नुभयो ।

(९.२) **वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण :**

अध्यक्षले सभाको निर्धारित विषय सूची बमोजिम सञ्चालक समितिको बीसौं र एक्काइसौं वार्षिक प्रतिवेदन सहित आर्थिक वर्ष २०७३/०७४ र २०७४/०७५ को वासलात, नाफा नोक्सान हिसाब किताब, नगद प्रवाह

विवरण लगायत संलग्न अनुसूचीहरु सहितको वित्तीय विवरण प्रतिवेदनमा संलग्न गरिएको हुँदा प्रस्तुत गरेको विवरण उपर छलफल गरी पारित गर्नको लागि आ-आफ्नो विचार, जिज्ञासा र सुझाव राख्न ईच्छुक शेयरधनी महानुभाहरुलाई आव्हान गर्नुभयो ।

**१०) छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरु :**

अध्यक्षले शेयरधनीहरुलाई छलफलका लागि आव्हान गरे पश्चात सभामा निम्न शेयरधनी महानुभावहरुले आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझाव राख्न नाम दिनु भई आफ्नो राय तथा सुझावहरु दिनुभयो ।

**(१०.१) श्री अमृत नाथ रेग्मी**

शेयरधनी श्री अमृतनाथ रेग्मीले यस बैंकले काठमाडौंमा साधारण सभा गरेकामा हार्दिक धन्यबाद दिनुभयो । सुझावका क्रममा विगत ४, ५ वर्ष देखि अध्यक्षको मन्तव्यमा बैंकको Vision, Mission र भावी Strategy सहित राख्ने र प्रतिवेदन सबै अध्यक्षले पढ्नु नपर्ने भएको हुँदा आगामी साधारण सभाबाट सुधार हुने सुझाव दिनु भयो । बैंकले अवका दिनमा आफ्नो बासस्थानको व्यवस्था गर्दा उपयुक्त हुने सो का लागि जग्गा खोजी गर्ने बेला भैसकेको भन्नुभयो । बैंकको General Reserve अलि Weak देखिएकोले आगामी दिनमा यसलाई बढाउन सुझाव दिनुभयो । त्यसै गरी केन्द्रीय बैंकले सबै बैंकहरुलाई Debenture जारी गर्न भनेको छ यस अवस्थामा Oridinary Debenture ले काम गर्दैन यसका लागि Hybrid Debenture गर्न पर्लाकी भन्नुभयो ।

अर्को तर्फ बैंकले Net Interest Income बढाउनु पर्ने देखिन्छ । यस बैंकको Off Balance Sheet को Item मा ८०/२० देखिन्छ तर अरु बैंकहरुले ६५/३५ को अनुपातमा देखाएका छन यस तर्फपनि सोच्न सुझाव दिनुभयो । खर्च तर्फ हेर्दा खर्च गर्न जसलाई पनि मन लाग्छ तर Control गरेर खर्च गर्नुपर्ला सरसर्ती हेर्दा १ रुपैयाका लागि ५० पैसा खर्च भएको अलि बढी होकी यसलाई Manage गर्नुपर्ला । साथै, सुझावका रुपमा अब एक्लो बैंकले होइन कि Banker Association बाट नै एउटा Asssets Management Company स्थापना गरी त्यसैलाई जिम्मा लगाउन सकेमा सबै बैंकलाई सहज हुने धारणा राख्नुभयो । अन्तिम सुझावका रुपमा प्रतिवेदनको पाना नं. २१ मा अहिलेको दिनमा जुन दिन साधारण सभा हुन्छ सोही दिनको मिति राख्नु पर्छ र अध्यक्ष सहित एक जना सञ्चालकको नाम राख्ने प्रचलन आएको छ आगामी दिनमा सोही अनुसार हुन सुझाव दिनुभयो ।

**(१०.२) श्री अशोक उप्रेती**

सर्वप्रथम यो वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको वित्तीय विवरण तथा अन्य विषयमा वर्तमान सञ्चालक समितिको मूल्याङ्कन गर्ने बेला भएको छैन । यस सञ्चालक समितिको वास्तविक मूल्याङ्कन गर्ने समय आर्थिक वर्ष २०७५/७६

बाट हुने भन्दै पहिला गरेका कार्यहरुका लागि आज आएर यस सञ्चालक समितिलाई प्रश्न गर्न त्यति सान्दर्भिक नहुने भन्दै बैकले मर्जर समिति गठन गरी आवश्यक प्रक्रिया अगाडि बढाएको यस मर्जर समितिले राम्रोसंग काम गर्न सकोस् भन्दै यस बैंकको भविष्य राम्रो रहेको छ र हामी सबैले मनोवल बढायौ भने एक्लै हिड्न सक्ने क्षमता यस बैंकमा रहेको बताउनु भयो ।

**(१०.३) श्री मेजर कुवेर श्रेष्ठ**

शेयरधनी श्री मेजर कुवेर श्रेष्ठले यस बैंकले काठमाडौमा सभा गरेकोमा धन्यबाद ज्ञापन गर्नुभयो । कसरी अगाडि बढ्यो भने बैंक राम्रो हुन्छ भन्ने कुरा यस बैंकको विगत श्रीलंकाको बैंक अफ सिलोन र यस बैंकको स्थापनाको उद्देश्यलाई सम्झे मात्रै पुग्छ । मेरो सुझाव छ अब Low Cost Bank चलाउनु पर्छ । मुद्दा गरेर बैंक चल्दैन । मर्जरका क्रममा सनो बैंक मात्र नहेरौं ठूलो संस्था खोजौं । Big Merger मा Big Bank खोजौं भन्ने सुझाव दिनुभयो । त्यसै गरी १५.८९ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव गरेकोमा सबैले खुसी व्यक्त गर्नुपर्ने भन्दै आगामी दिनमा कम्तिमा पनि यसै अनुसारको लाभांश प्राप्त गर्न सकियोस् यो प्रतिवद्धता अध्यक्ष र सिइयोबाट सुन्न पाइयोस भन्नुभयो । बैंकले मर्जर समिति गठन गरेको अत्यन्त सकारात्मक रहेको र अझ यसमा हामी जस्ता सर्वसाधारण शेयरधनीहरुको तर्फबाट पनि एक जना मर्जर समितिमा नियुक्ति गर्न सकेमा अत्यन्त खुशी हुने थियौं ।

**(१०.४) श्री दिपक रत्न शाक्य**

शेयरधनी श्री दिपक रत्न शाक्यले आफू यस बैंक र चार वटा विकास बैंकहरु मर्जर हुँदा शुरुको चरण सक्रीय शेयरधनीको रुपमा रहेको र त्यति बेला हामीहरुले मर्जर प्रक्रिया ४ देखि ६ महिनामा सम्पन्न गर्ने सोंचका साथ अगाडि बढेकोमा विभिन्न कारणहरुले उक्त प्रक्रिया लम्बिन गई करिव १० महिना भन्दा बढी लागेको कारणबाट हाल पनि मर्जर सम्बन्धी कुरा चलेको र मर्जर समिति समेत गठन भएको अवस्थामा हामीले विगतको मर्जरको पाठ राम्रोसंग बुझ्नु पर्छ र राम्रोसंग बुझेर मात्र मर्जर प्रक्रिया अगाडि बढाउन सुझाव दिनु भयो । नेपाल राष्ट्र बैंकले मर्जर गर्न Force मात्र गर्ने हैन मर्जर प्रक्रिया छिटो र छरितो रुपमा सम्पन्न गर्ने संयन्त्र विकास गर्नुपर्ने सुझाव दिनुभयो । मर्जर हुँदा हामी जस्ता सर्वसाधारण शेयरधनीहरुको सरोकार Financial Benefit हुने गरी गर्नुपर्छ भन्ने हो मर्जर प्रक्रियामा ठूला शेयरधनीहरुको मात्र हित हेर्ने हैन की हामी जस्ता साना शेयरधनीको हित हेर्न सुझाव दिनु भयो ।

त्यसैगरी अबको बैंकिङ्ग भनेको Online Banking कारोबारमा आधारित बैंक हुने भएको र विगतका दिनमा यस क्षेत्रमा देखिएका घटनालाई मध्यनजर गरी बैंकको IT Department सवल र सक्षम हुनुपर्ने सुझाव दिनुभयो । हालसालै भएको ATM Hack घटनाबाट बैंक चनाखो हुनुपर्ने अवस्था छ । अहिलेको

बैंकमा Technological डकैति हुने हो नकी बैंक लुट्न बन्दुक बोकेर आउछन् अब त संसारको कुनै कुनाको एउटा कोठमा बसेर संसारको कुनैपनि बैंकबाट पैसा चोरी गर्न सक्ने कुरा भएकोले यस बैंकले उच्च प्रविधियुक्त मेशिन र Software राखेर Techno Friendly बैंकिङ्ग कारोबार शुरु गर्नुपर्छ भन्ने सुझाव दिनुभयो ।

**(१०.५)श्री भक्तिप्रसाद उप्रेती**

शेयरधनी श्री भक्तिप्रसाद उप्रेतिले यो २०औं र २१औं साधारण सभा काठमाण्डौमा गरी हामी जस्ता शेयरधनी जो भैरहवामा जान सकेका थिएनौ अत्यन्त खुशी भएका छौं र यसको सफलताको शुभकामना व्यक्त गर्दछु । सुझावका क्रममा उप्रेतीले बैंकले नियमित आम्दानी बढाउनु पर्‍यो । अहिले वितरण गरिएको बोनस शेयर ४ वटा विकास बैंकहरु मर्जर गर्दाको Swap Ratio को पटके आम्दानी हो । आर्थिक वर्ष २०७४/७५ मा नियमित आम्दानीबाट वितरण योग्य करिव ५० करोड भएतापनि आर्थिक वर्ष २०७३/७४ को संचित नोक्सानीलाई Recover गर्न करिव रु. ४० करोड छुट्टयाउनु परेकोले हकप्रद शेयरका Swap Ratio बाहेक रु. १० करोड मात्र रहेको ।

**(१०.६)श्री व्यासकुमार शर्मा**

शेयरधनी श्री व्यासकुमार शर्माले बैंकले आगामी साधारण सभा तोकिएकै मिति भित्र गर्नुपर्ने सुझाव दिनुभयो । सकारात्मक रुपमा हेर्ने हो भने आजको यस साधारण सभा पश्चात बैंकले नेपाल राष्ट्र बैंकले तोकेको चुक्त पूँजी रु. ८ अर्ब पुऱ्याउन सफल भएकोले आगामी दिनमा बैंकले राम्रो प्रगति गर्नेछ र सो का लागि शुभकामना व्यक्त गर्नुभयो ।

**(१०.७)श्री चन्द्र नारायण श्रेष्ठ**

सर्वप्रथम यस बैंकले काठमाडौमा गरेको साधारण सभामा शुभकामना व्यक्त गर्दछु । यो वर्षबाट १५.८९ प्रतिशत बोनश शेयर वितरण गर्ने प्रस्ताव गरेकोमा धन्यवाद ज्ञापन गर्दै बैंकले आर्थिक वर्ष २०७४/७५ मा मुनाफा राम्रै गरेको थियो तर मर्जर पश्चात हुन गएको आर्थिक वर्ष २०७३/७४ सम्मको संचित नोक्सानीलाई Recover गर्दा करिव रु. ४० करोड व्यहोर्नुपर्ने भएकोले वितरण गर्ने रकम कम देखिएको हो ।

**(१०.८) श्री शिव प्रसाद पौडेल**

सर्वप्रथम १५.८९ बोनस शेयर वितरणका लागि हार्दिक धन्यवाद तथा शुभकामना व्यक्त गर्दछु र उक्त बोनस शेयर चाँडो भन्दा चाँडो सूचीकृत गरी दशैं र तिहारमा शेयर बिक्री गर्न सहज गरिदिन व्यवस्थापनलाई सुझाव दिनुभयो । त्यसै गरी बोनस शेयर जारी गर्दाको Fraction को अंकलाई माथिल्लो पूर्ण अंकमा समायोजन गर्ने तर्फ पनि ध्यान दिनु पर्ने भन्नुभयो ।

**(१०.९)श्री डमरु वल्लभ घिमिरे**

म, यस बैंकले काठमाण्डौमा साधारण सभा गर्ने निर्णय गरी आज २३ औं वर्षमा यो सभा काठमाण्डौमा भएको छ, यसका लागि बैंकलाई धन्यबाद दिन्छु। यस सभाका लागि प्रकाशित प्रस्तावमा अहिलेसम्म कुनै शेयरधनीहरुले कुरा नउठाएको विषय भनेको एकातिर मर्जरमा जानु पर्दछ त्यसैले मर्जर समिति गठन गरेका छौं भन्दै मर्जर समितिका सदस्यहरुलाई मञ्चमा पनि बसाल्ने र संगसंगै FPO पनि जारी गर्ने भन्ने प्रस्ताव मिलेको देखिएन यस बारे सोचियोस् । त्यसैगरी सभाको प्रस्ताव नं ४ मा मर्जर सम्बन्धमा अन्तिम निर्णय सञ्चालक समितिलाई हुने भन्ने जस्तो बुझिन्छ मेरो सुझाव छ साधारण सभालाई Bypass गरेर मर्जर सम्बन्धी निर्णय सञ्चालक समितिले मात्र गर्नु हुँदैन । यसलाई मिलाउन सुझाव दिन्छु भन्नुभयो । हामीले प्रत्यक्ष सामेल हुन नपाए पनि साविक एपेक्स बैंकको मर्जरका बारेमा धेरै कुरा बाहिर आए, के त्यस बेलामा DDA गर्ने लेखापरीक्षक प्रलोभनमा पो पऱ्योकी ? यस्ता कुराहरु भोलीका दिनमा पक्कै खुल्नेछन् । आजको यस सभामा एउटा कुरा हिम्मतका साथ भन्नुपर्छ मर्जर पश्चात यस बैंकले भोगेका मुद्दा मामिला, निक्षेपको समस्या, निष्कृय कर्जा अनुपात जस्ता बैंकिङ्ग व्यवसायका कठोर अवस्थालाई पार लगाउँदै यो परिस्थितिमा ल्याउन र आजको यसै सभाको निर्णय पश्चात चुक्ता पूँजी रू. ८ अर्ब भन्दा बढी पुऱ्याउन सफल भएकोमा बैंक सञ्चालक समिति, व्यवस्थापनलाई धन्यवाद दिनु पर्दछ भन्नुभयो ।

**(१०.१०) श्री उद्धव घिमिरे**

यस बैंकको शेयरधनीको हैसियतले मैले शेयर किने देखि साधारण सभामा भाग लिने अवसर आज बल्ल पाएकोमा यो अवसरका लागि बैंक खोल्ने संस्थापक शेयरधनीहरुलाई पनि धन्यवाद दिन चाहन्छु । यस बैंकको Net Profit बाट हामी खुशी छौं जसले गर्दा आज १५.८९ प्रतिशत बोनस शेयर वितरण गर्न सफल भएको छ । आर्थिक वर्ष २०७५/७६ पनि समाप्त भएको अवस्थामा के कति वितरण गर्न सकिन्छ त्यसको पनि जानकारी पाउन पाए हामी अझै बढी खुशी हुने थियौ भन्नुभयो ।

**(१०.११) श्री अर्जुन प्रसाई**

आफू संस्थापक शेयरधनी रहेको जानकारी गराँउदै सुनेको थिए बैंकले साधारण सभामा बोल्ने मान्छे पहिल्यै निर्धारण गरेको हुन्छ । तर म आज आएर मेरो समेत बोल्ने पालो आएकोमा धन्यवाद दिन चाहन्छु । म पेशाले इन्जिनियर भएकोले वासलात, नाफा नोक्सान त्यति बुझेको छैन । मैले बुझेको भनेको संस्थागत सुशासन हो । त्यसैले प्रतिवेदनको संस्थागत सुशासन बुँदामा हामीले संस्थागत सुशासन पालना गरेका छौं भनी लेख्न सक्नु पर्दछ । म पनि साविक इन्फ्रास्ट्रक्चरको सञ्चालक रहेको थिए । तर मर्जरका वेलामा म सञ्चालक थिइन । त्यस बेलामा मर्जर गर्दा एपेक्स बैंकको अवस्था बारे किन जानकारी लिइएन ? के नेपाल राष्ट्र बैंकलाई एपेक्सको बारेमा पक्कै थाहा नभएको होला यस्ता विषयले सानो सानो लगानी

भएका म जस्ता शेयरधनीलाई चिन्तित बनाएको छ । मैले सुझावका रुपमा शेयरधनीहरुसंग अनुरोध गर्दछु कि संस्थागत सुशासन कायम गर्न नेतृत्व असल हुनुपर्दछ । असल नेतृत्व हामीले छान्नु पर्दछ त्यसैले अब प्रोक्सी लिन आउनेलाई प्रोक्सी नदिनुहोस् भन्दै सञ्चालक समिति प्रति आफ्नो असहमति राख्दै अब आफै उपस्थित भई आफ्नो लगानीको सुरक्षा आफै गरौं भन्नुभयो ।

**(१०.१२) श्री इन्द्र कृष्ण श्रेष्ठ**

काठमाण्डौमा साधारणसभा भएकोमा धन्यवाद दिन चाहन्छु । हामीले यस बैंकबाट आजसम्म प्रतिफल पाएका थिएनौ आज यसै सभाबाट १५.८९ प्रतिशत बोनस शेयर वितरण गर्ने प्रस्ताव पारित गरौं सबैलाई यहीनै खुसी हुनेछ । आगामी दिनमा साधारण सभाको व्यवस्थापन राम्रोसंग गर्नुपर्छ ।

**(१०.१३) श्री कृष्ण प्रसाद अधिकारी**

यस बैंकले काठमाडौमा साधारणसभा आयोजना गरेको ऐतिहासिक र पवित्र दिन हो । यस बैंकको लोगो अझैपनि श्रीलंकाको बैंकसंग संयुक्त हुँदाको छ, फेरेर नेपालसंग मिल्ने झण्डा बनाउन सुझाव पेश गर्दछु । त्यसै गरी खानाको व्यवस्था गर्नु भन्दा एनबी बैंकले जस्तै साधारण सभामा भोज हैन शेयरधनीलाई पैसा वितरण गरेमा हामी खुशी हुने थियो ।

**(१०.१४)श्री राजाराम खड्का**

आधारभूत शेयरधनीलाई समेटेर मर्जर कमिटि गठन भएको छ । मर्जर गर्दा लगानीको सुरक्षा र कर्मचारीहरुको हकहित लाई ध्यानमा राखेर गर्नुपर्छ । FPO जारी गर्ने र वैदेशिक लगानी ल्याउने जस्ता प्रस्ताव पारित भए पछि मर्जर आवश्यकता हो र? बैकको पहिचान मेट्ने गरी मर्जर नगरौ शेयर धारण गरेको कर्मचारीलाई सभामा उपस्थित हुन र भोट दिन पाउने अधिकारबाट बन्चित नगरौ । अब साधारण सभा कहिले हुन्छ ? र महिला सञ्चालकको विषयमा कहिले टुङ्गो लाग्छ यस बारेमा पनि जानकारी चाहन्छौं ।

**११) अध्यक्ष श्री उपेन्द्र केशरी न्यौपानेज्यूबाट शेयरधनीबाट उठाएका जिज्ञाशाहरुको जवाफ :**

जिम्मेवारी पदमा रहेर बोल्दा चर्को बोल्न कठिन हुँदो रहेछ र धेरै विषयमा ध्यान दिन जरुरी हुन्छ । कुनै कुराको निकास नियम, पद्धती र प्रणालीबाट नै खोज्नु पर्छ । हामी सबैका पाइलाहरु संस्कार संस्कृतिको विकासका लागि हुनु पर्दछ जसबाट मात्र नेपालको विकास सम्भव छ । साबिकको मर्जर पनि यस्तै फोरमबाट स्वीकृत भएको कुरा हो । साधारण सभामा औला उठाउनु भन्दा प्रणाली र पद्धती भित्र रहेर समस्याको समाधान खोज्नु पर्छ । शेयरधनीहरुले आफूलाई लागेका कुराहरु राख्ने फोरम यही नै हो र यसै सभाको विषयभित्र पर्दछ । औंला ठड्याउने स्थान पनि यही हो र उठेका विषयमा संयमतापूर्वक जवाफ दिनु पर्दछ भन्ने मान्यता पनि राख्दछु । म अघिल्लो समितिको Successor का रुपमा रहेकोले अघिल्लो समितिले गरेका

कार्यहरुको पनि जवाफ दिनु पर्दछ भन्ने ठान्दछु । शेयरधनीहरुसंग मेरा अनुरोध पनि छ मैले १०० प्रतिशत बैंक बुझेको छु भन्नु गलत हुनेछ र केही बुझेको छैन भन्नु पनि गलत हुनेछ । सम्मानित अदालत र नियमन निकायबाट भएका निर्णयहरुको सम्मान गर्नुपर्छ । साविकका बिकास बैंकहरुका कार्यकारी प्रमुख र संचालकज्यूहरु सम्मिलित कमिटिबाट मर्जर सम्पन्न भएको हो । म नियतले आएको होईन नियतीले आएको हो र शेयरधनीहरुबाट उठेका जिज्ञासा समाधान गर्ने क्षमता पनि मसंग छ । मैले प्रोक्सी मागेको छैन, मेरो पदीय हैसियत र व्यवसायिक हैसियत फरक कुरा हुन् । जुन दिन म २०७३ साल पौष १८ गते यस बैंकको अध्यक्षको हैसियतमा आए पश्चात २०७३ को पौष मसान्तमा बैंकको NPA अवस्था कस्तो थियो भनी जुन अंक म अहिले पनि भन्न सक्दिन । हो त्यस अवस्थामा हिम्मत गरेर संस्थागत हित, शेयरधनीहरुको लगानीको संरक्षण र समग्र बैंकको भविष्यका लागि बोलिएको हो र आज बैंकको NPA ३ प्रतिशत भन्दा कम छ ।

हिजोको भूमिकालाई आजको घाउ नबनाऔं NCC Bank एक भएको छ । शेयरधनीहरुले उठाए जस्तो अरु बैंकले मञ्चमा पूर्व अध्यक्ष, पूर्व प्रमुख कार्यकारी अधिकृत राख्ने गर्दैन यो नै पहिलो देखियो भन्नु भएको सन्दर्भएमा हो हामी अलि फरक ढंगबाट सोंचेका हौं जुन यस बैंकको हितका लागि पूर्व अध्यक्ष, पूर्व प्रमुख कार्यकारी अधिकृत, मर्जर समितिका सदस्यहरु मञ्चमा राख्नुको अर्थ एकताको सन्देश पनि हो । व्यक्ति व्यक्तिले निर्णय गर्ने परिपाटिमा जाँदा प्रजातान्त्रिक मूल्य मान्यता विपरित हुनसक्छ । प्रकृया र पद्धतिबाट गयौ भने हामी बैंकहरुको मूल्यांकनमा दशौ स्थान त्यो भन्दा पनि कम स्थानमा हामी पुग्न सक्छौ । यस सभामा कुनै कमी कमजोरी हुन गएको भए म व्यक्तिगत रुपमा क्षमा माग्न चाहन्छु । मैले ३ बर्ष अगाडि उठाउँदै आएका कुरा आज नेपाल सरकारले थालनी गरेकोछ । मेरो सोचाइ र बुझाइ ठिकै रहेछ । बैंक धेरै होइन, बैंक भित्र धेरै पैसा हुनु पर्दछ भन्ने मेरो मान्यता हो । के दुर्गममा शाखा खोल्न, चुक्ता पूँजी रु. ८ अर्ब पुऱ्याउन, Big Mrerger गर्न नेपाल राष्ट्र बैंकले भनेर मात्र गर्ने हो भन्ने मानसिकताबाट अलि माथि उठ्नु पर्छ भन्ने सोचाइ राख्नुपर्दछ । के हामी आफ्नै सोच अनुसार अगाडि बढ्न सक्दैनौ ? प्रोक्सी कलेक्सन गरेर म अध्यक्ष बन्दिन सबैको सहमति भए सेवा गर्न तयार छु, सक्छु र पाउँ भन्ने पनि हो । मलाई मेरो स्थान त्यहीं नै (तपाईहरु बसेको ठाउँ) हो भन्ने स्पष्ट छ । अगाडि बस्नु पनि आफ्नै परिस्थिति हो । साधारणसभा र निर्वाचन दुबै महत्वपुर्ण काम हुन् । शेयरधनीले उठाएको महिला सञ्चालक सहितको चुनाव कहिले हुन्छ ? भन्ने विषयमा मेरो भनाई के छ भने हामी अन्य बैंकले महिला सञ्चालकका लागि गरेका प्रयास भन्दा हाम्रो प्रयास बढी सकारात्मक र Rational छ भनि भन्न सक्छौं । नेपाल राष्ट्र बैंकले शेयरधनीहरुको माग अनुसार निर्वाचन रोकि प्रबन्धपत्र र नियमावली संशोधन गरेर मात्र निर्वाचन गर्ने व्यवस्था मिलाउन बैंकलाई निर्देशन दिएको हुँदा यस साधारण सभामा निर्वाचन स्थगित हुन गएको कुरा यहाँ दोहोऱ्याउन चाहन्छु । अर्को तर्फ यसै साधारण सभाबाट प्रबन्धपत्र र नियमावली संशोधन प्रस्ताव ल्याउन सञ्चालक समितिले आफ्नो तर्फबाट प्रयास गरेको थियो । तर कम्पनी ऐन, २०६३ को दफा ६७ (३) प्रावधान भन्दा बाहिरबाट यस साधारण सभामा प्रबन्धपत्र र नियमावलीको संशोधन हुन नसक्ने कारणले प्रस्ताव अगाडि बढाउनु परिपक्व नहुने यथार्थता यहाँहरु समक्ष राख्न चाहन्छु । अब